**सम्वत् २०८१ साल जेठ ३२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) स्वीकृत गर्ने। |
| २. | प्रदेश स्वास्थ्य नीति, २०८१ स्वीकृत गर्ने। |
| ३. | (क) आयुर्वेद औषधि संहिता स्वीकृत गर्ने।<br>१. आयुर्वेद औषधि संहिता भाग-१ (चूर्ण, कल्क तथा क्वाथ कल्पना), २०८१<br>२. आयुर्वेद औषधि संहिता भाग-२ (वटि तथा गुग्गुलु कल्पना), २०८१<br>३. आयुर्वेद औषधि संहिता भाग-३ (स्नेह कल्पना), २०८१<br>४. आयुर्वेद औषधि संहिता भाग-४ (अवलेह तथा सन्धान कल्पना), २०८१<br>५. आयुर्वेद औषधि संहिता भाग-५ (अन्य कल्पना), २०८१<br><br>(ख) आयुर्वेद औषधिका लेबल डिजाइन स्वीकृत गर्ने।<br>१. बिल्वादि चूर्ण - ५० ग्राम<br>२. पुष्यानुग चूर्ण - ५० ग्राम<br>३. अश्वगन्धा चूर्ण - ५० ग्राम<br>४. महासुदर्शन चूर्ण - ५० ग्राम<br>५. त्रिफला चूर्ण - ५० ग्राम<br>६. निम्बादि चूर्ण - ५० ग्राम<br>७. हिङ्ग्वाष्टक चूर्ण - ५० ग्राम<br>८. अविपत्तिकर चूर्ण - ५० ग्राम<br>९. सितोपलादि चूर्ण - ५० ग्राम<br>१०. अश्वगन्धा चूर्ण - १०० ग्राम<br>११. आमलकी चूर्ण - १०० ग्राम |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८१ साल जेठ २२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

<table>
<tr><th>सि.नं.</th><th>निर्णय</th></tr>
<tr><td>१.</td><td>(क) नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० (पहिलो संशोधन) बमोजिम १३ स्थानीय तहका १३ वटा वडामा सञ्चालन हुने गरी कार्यक्रम, क्रियाकलाप तथा बजेट स्वीकृत गर्ने।<br>(ख) आगामी आर्थिक वर्ष २०८१/८२ का लागि छनौट गरिएका वडामा प्रति वडा रू. ९० लाखका दरले उल्लिखित कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्न प्रदेश सरकारले व्यहोर्ने साझेदारी बराबरको रकम सम्बन्धित स्थानीय तहलाई सशर्त अनुदानको रूपमा उपलब्ध गराउने।</td></tr>
<tr><td>२.</td><td>प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा १३ को उपदफा (३) बमोजिम देहायका व्यक्तिहरूलाई संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) का सदस्यका रूपमा मनोनयन गर्ने। उक्त समितिले नै सार्वजनिक विश्वविद्यालयका रूपमा स्थापित बागमती विश्वविद्यालयको संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) का रूपमा काम गर्ने।<br>देहायः-
<table>
<tr><th>क्र.सं.</th><th>नाम, थर</th><th>ठेगाना</th><th>योग्यता</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>डा. चन्द्रमणि पौडेल</td><td>रूपा गाउँपालिका, वडा नं. १, कास्की</td><td>Ph.D. in Statistics (Econometrics)</td><td>१३ को उपदफा (३) (क) बमोजिम</td></tr>
<tr><td>२</td><td>श्री कृष्ण कटुवाल</td><td>हेटौंडा उपमहानगरपालिका -१०, मकवानपुर</td><td>Bachelor in Commerce</td><td>१३ को उपदफा (३) (ख) बमोजिम</td></tr>
<tr><td>३</td><td>श्री बच्चुराम अधिकारी</td><td>हेटौंडा उपमहानगरपालिका -४, मकवानपुर</td><td>Master of Business Administration (MBA)</td><td>१३ को उपदफा (३) (घ) बमोजिम</td></tr>
<tr><td>४</td><td>श्री नुररानी ढुंङ्गेल</td><td>हेटौंडा उपमहानगरपालिका -७, मकवानपुर</td><td>Master of Business Administration (MBA</td><td>१३ को उपदफा (३) (ख) बमोजिम</td></tr>
<tr><td>५</td><td>श्री किरणचन्द्र दाहाल</td><td>भरतपुर महानगरपालिका -१४, चितवन</td><td>M.Sc Information and Communication Engineering</td><td>१३ को उपदफा (३) (ग) बमोजिम</td></tr>
</table></td></tr>
<tr><td>३.</td><td>सवारीचालक अनुमतिपत्रको लागि स्वास्थ्य परीक्षण गर्न सूचीकृत चिकित्सकहरुका लागि प्रतिव्यक्ति स्वास्थ्य परीक्षण शुल्क रु.१७५।- (अक्षेरुपी एक सय पचहत्तर रुपैया) निर्धारण गर्ने।</td></tr>
<tr><td>४.</td><td>बागमती प्रदेशका सडकलाई प्रदेश लोकमार्ग तथा प्रदेश मार्ग पहिचान एवम् वर्गीकरण सहितको प्रादेशिक सडक यातायात गुरुयोजना स्वीकृत गर्ने र सो गुरुयोजना प्रदेश राजपत्रमा प्रकाशन गर्ने।</td></tr>
</table>

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८१ साल जेठ १४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम स्वीकृत गरी माननीय मुख्यमन्त्रीमार्फत् माननीय प्रदेश प्रमुख समक्ष पेश गर्ने। |

**सम्वत् २०८१ साल जेठ ८ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रदेश सभाको बैठकमा मिति २०८१/०२/१४ गते दिनको ३:०० बजे सम्बोधन गर्न माननीय मुख्यमन्त्रीमार्फत् माननीय प्रदेश प्रमुख समक्ष अनुरोध गर्ने। |
| २. | प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई प्रतिस्थापन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| ३. | सामाजिक विकास मन्त्रालयको सङ्गठन संरचना तथा दरबन्दी तेरिजमा हेरफेर स्वीकृत गर्ने। |
| ४. | युवा तथा खेलकुद मन्त्रालयको सङ्गठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| ५. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (४) बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको सङ्गठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने। |

## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८१ साल जेठ २ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० को अनुसूचीमा हेरफेर स्वीकृत गरी प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने। |
| २. | प्रदेश नीति तथा योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०७५ संशोधन समेतको परिच्छेद ३ को दफा ७ को उपदफा २ को खण्ड (च) बमोजिम प्रदेश विकास परिषद्का सदस्यहरू मनोनयन गर्ने। |
| ३. | शहीद स्मारक प्रकृति प्रतिष्ठान, थानकोट, काठमाडौंको व्यवस्थापन गर्ने जिम्मेवारी संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई तोक्ने। |
| ४. | प्रदेश खेलकुद विकास (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। |
| ५. | (क) प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० कार्यान्वयनका लागि अध्ययन गरी बागमती प्रदेश सरकारलाई सुझाव पेश गर्न देहायबमोजिमको कार्यदल गठन गर्ने:<br>श्री प्रदेश सचिव, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेश - संयोजक<br>श्री प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश - सदस्य<br>श्री प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश - सदस्य<br>श्री भाषा विद्/प्रतिनिधि, भाषा आयोग, काठमाडौं - सदस्य<br>श्री अध्यक्ष, नेपाल तामाङ घेदुङ, सङ्घीय कार्य समिति, सङ्घीय सचिवालय, काठमाडौं - सदस्य<br>श्री अध्यक्ष, नेवाः देय् दबू, केन्द्रीय समिति, का.म.पा-१२, काठमाडौं - सदस्य<br>श्री महाशाखा प्रमुख, संस्कृति तथा पर्यटन महाशाखा, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेश - सदस्य सचिव<br>(ख) कार्यदलको बैठक सम्बन्धी कार्याविधि कार्यदल आफैले निर्धारण गर्न सक्नेछ। कार्यदलका संयोजकले आवश्यकता अनुसार कार्यदलको बैठकमा भाषा विद्/विज्ञ तथा सरकारी निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।<br>(ग) प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० कार्यान्वयनका लागि सुझाव दिन गठन हुने कार्यदलको कार्यक्षेत्रगत शर्त (TOR), कार्याविधि तथा कार्यदलका पदाधिकारीहरूको सेवा सुविधा सम्बन्धी व्यवस्था, २०८१ स्वीकृत गर्ने।<br>(घ) प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० कार्यान्वयनका लागि सुझाव कार्यदलको पदाधिकारीको सेवा सुविधाका लागि आवश्यक पर्ने थप बजेट संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको चालु आर्थिक वर्षमा कुनै पनि शीर्षकमा विनियोजित बजेटबाट उपयुक्त क्रियाकलापमा कार्यक्रम संशोधन/रकमान्तर गरी भुक्तानी दिने। |
| ६. | प्रदेश कला, सम्पदा तथा संस्कृति संरक्षण सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।